# दंगीशरण गाउँपालिका
## हेकुली, दाङ
## गाउँसभा

**मा गाउँपालिका उपाध्यक्ष श्री पिमा कुमारी वली खड्काज्यू बाट प्रस्तुत आर्थिक वर्ष २०७६।०७७ को वार्षिक बजेट तथा कार्यक्रम**

**मितिः २०७६।०३।०९**

---

**यस सम्मानित सभाका सभा अध्यक्षज्यू**

संघीय संरचना अनुसार स्थानीय सरकार गठन भएको ऐतिहासिक तेश्रो बर्षको गाउँसभामा दंगीशरण गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई निकै गौरवान्वित महसुस गरेको छु ।

स्थानीय तहको निर्वाचनको माध्यामद्वारा जनताको असीम विश्वास र माया पाएर निर्वाचित हुनु हुने सम्पूर्ण सदस्यज्यूहरुलाई पुनः हार्दिक बधाई ज्ञापन गर्दछु । जनताको विश्वासलाई कायम राखिराख्ने दिशामा यो सभा सदैव क्रियशील रहनेछ भन्ने विश्वास व्यक्त गर्न चाहान्छु । सर्वप्रथम नेपाली जनताको अधिकार स्थापित गर्दै आफ्नो शासन आफै सन्चालन गर्न पाउने यो क्षण सम्म ल्याइपुर्याउन आफ्नो जीवन समेत उत्सर्ग गर्नु हुने आदरणीय ज्ञात अज्ञात सहीदहरुप्रति उच्च सम्मानका साथ श्रद्धाञ्जली अर्पण गर्दछु ।

**अध्यक्ष महोदय,**

दंगीशरण गाउँपालिका प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यद्यपि हालसम्म संभावनाहरुलाई यथार्थमा रुपान्तरण गर्न नसकिएको नमिठो इतिहास हामीसँग छ । आफ्ना स्रोत र संभावनाको खोजी गरी त्यसको प्रभावकारी व्यवस्थापन र परिचालन मार्फत समृद्धि हासिल गर्ने दिशामा हामी रहेका छौ ।

दंगीशरण गाउँपालिकाको संवृद्धिको अभियानमा वडा समिति, गाउँकार्यापलिका वा गाउँसभा मात्र पर्याप्त छैनन । यी त अङ्गमात्र हुन, जुन प्रतिनिधिमूलक रुपमा स्थापित छन् । हाम्रो शासन सञ्चालनको आधार आम दंगीशरणवासी जनता हुन् । तसर्थ दंगीशरण गाउँपालिकाले ल्याएको बजेटको सफल कार्यान्वयनको माध्यामद्वारा आम जनताका अपेक्षाको संवोधन गर्न दंगीशरण गाउँपालिकावासी जनताहरुको साथ, सहयोग र हौसलाको अपेक्षा गरेको छु । यसका साथै सम्पूर्ण राजनैतिक दल, बुद्दिजीवी, समाजसेवी, विभिन्न पेसा व्यवसायी, पत्रकार तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीसमेतको सकारात्मक सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

**अध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको आ.ब. २०७६/०७७ को अनुमानित आय विवरण पेश गर्न चाहन्छु ।

सर्वप्रथम संघिय सरकारको बजेट मार्फत दंगीशरण गाउँपालिकालाई बित्तिय समानीकरण अनुदान अन्तर्गत रु ९ करोड १२ लाख, सशर्त अनुदान अन्तर्गत रु. ९ करोड २५ लाख रकम प्राप्त भएको छ ।

त्यसैगरी संघिय सरकारको राजश्व वाडफाड बाट रु. ६ करोड ८१ लाख र समपूरक कोष तराई मधेश सम्बृद्धि कार्यक्रम अन्तर्गत रु. १ करोड रुपैया प्राप्त भएको छ ।

प्रदेश सरकारबाट बित्तिय समानीकरण अनुदान अन्तर्गत रु. ४१ लाख ४४ हजार, प्रदेश सशर्त अनुदान अन्तर्गत रु. १ करोड, प्रदेश राजश्व बाडफाड तर्फ रु. ४० लाख ९७ हजार र प्रदेश समपूरक अनुदान अन्तर्गत रु. १ करोड ५० लाख रकम प्राप्त भएको छ । बन रोयल्टीबाट रु. ८२ हजार, जि.स. मौज्दात कोष बाडफाँडबाट रु. ३ करोड प्राप्त हुने भएको छ र आन्तरिक आय तर्फ रु. ८५ लाख अनुमान गरिएको छ भने चा.लु आ.ब. बाट बचत हुने रु. ३ करोड अनुमान गरेको छु ।

यसरी आ.ब. २०७६/०७७ को दंगीशरण गाउँपालिकाको अनुमानित आय अनुमानित रु. ३६ करोड ३६ लाख २३ हजार प्रक्षेपण गरेको छु ।

आन्तरिक आय तर्फ राजश्व परामर्श समितिको बैठक बसी आर्थिक वर्ष २०७६।०७७ का लागि अन्य सबै करका दरहहरु यथावत राखिएको छ

**अध्यक्ष महोदय,**

अब म आ.ब. २०७६/०७७ को व्यय विवरण पेश गर्न चाहन्छु ।

दंगीशरण गाउँपालिकाको दैनिक कार्य सञ्चालन तथा अन्य प्रशासनिक कार्य, पदाधिकारी तथा कर्मचारीको तलव भत्ता लगाएतका लागि चालु खर्च तर्फ कूल रु. ६ करोड ९२ लाख रकम विनियोजन गरेको छु । त्यसैगरी सार्वजनिक निर्माण, मेशिनरी तथा सवारीसाधन खरिद लगायतका कार्यहरु गर्न पूँजीगत खर्च रु. ८० लाख ५० हजार रकम विनियोजन गरेको छु ।

संघ तथा प्रदेश सरकारबाट शिक्षा, स्वास्थ्य, कृषि/पशुसेवा, महिला विकास, उर्जा, वातावरण तथा सहकारीका लागि तय भई आएको सशर्त अनुदान रकम सोही रुपमा खर्च गर्ने गरी विनियोजन गरिएको छ ।

समपुरक कोषका लागि रु. ५ करोड, कृषि विकासमा रु. ७५ लाख, पशु स्वास्थ्यमा रु. २० लाख, शिक्षामा रु. ८५ लाख, उर्जा विकासमा रु. १५ लाख, लैगिक तथा समावेशीकरणमा रु. १० लाख, जनस्वास्थ्यमा रु. ३५ लाख विनियोजन गरेको छु ।

वडा तथा गा.पा.को पूर्वाधार विकास, आर्थिक विकास तथा साजिक विकासका लागि रु. ५ करोड ५१ लाख ७३ हजार गरी कूल रु. ३६ करोड ३६ लाख २३ हजार रुपैया विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

अन्त्यमा,

दंगीशरण गाउँपालिकाले लामो गृहकार्य र अथक मेहनतका साथ तयार पारेको यो बजेट तथा कार्यक्रममा चाहेर पनि धेरै योजनाहरु छुटेका छन् । सीमिति स्रोत र असीमित आवश्यकताको सीमामा रहेर जतिसुकै मेहनत गर्दा पनि जनताका सबै अपेक्षा पूरा गर्न कठिनाइ हुँदो रहेछ । जनताका बृहत्तर अपेक्षाको संवोधन गर्न दंगीशरण गाउँपालिका सदैव प्रयत्नशील रहनेछ ।

बजेट तर्जुमाका क्रममा महत्वपूर्ण सल्लाह तथा मार्गदर्शन गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, अथक मेहनत र परिश्रम गर्नुहुने सम्पूर्ण वडा अध्यक्षज्यूहरु, सम्पूर्ण विषयगत समितिका संयोजकज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यहरु तथा गाउँसभाका सदस्यज्यूहरु तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

बजेटको अर्थपूर्ण कार्यान्वयनका लागि सम्पूर्ण दंगीशरणवासी जनता, राजनीतिक दल, बुद्दिजिवी, समाजसेवी पत्रकार विभिन्न पेसा व्यवसायी तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी सबै पक्षको साथ सहयोग र सहकार्य रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !